बैठक संख्या: ३८
मिति: २०८१/०५/२३
समय: दिउँसो २:०० बजे
स्थान: नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन ।

आज मिति २०८१/०५/२३ गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री विमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योति सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री चूडामणि शर्मा गौतम | |

CamScanner

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रेडक्रससग्राम, चितवन
### कार्यपालिका बैठकको निर्णय

बैठक संख्याः ३८ | बैठक मितिः २०८१/०५/२३

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | योजना | आ.व. २०८१/८२ को बार्षिक बजेट कार्यान्वयन सम्बन्धमा । | आ.व. २०८१/८२ को बार्षिक बजेट कार्यान्वयनको लागि २०८१ कार्तिक मसान्तभित्र योजनाहरुको सम्झौता सम्पन्न गरी कार्य अघि बढाउने । | |
| २. | योजना | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा । | कालिका नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सम्पूर्ण प्रक्रिया र आवश्यक आधारहरु पूर्ण भई योजना शाखाबाट निर्णयार्थ पेश भएका देहाय बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।<br>क्र.सं. / नाम / प्रोप्राइटर / ठेगाना<br>१. अभिमुखि कन्स्ट्रक्सन प्रा.लि. / राजकुमार अधिकारी / कालिका-२, चितवन<br>२. उपयोगी सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. / गणेश कुमार श्रेष्ठ / कालिका-९, चितवन<br>३. थ्रि एस.एन.के कन्स्ट्रक्सन एण्ड सप्लायर्स / साजन श्रेष्ठ / कालिका-९, चितवन | |
| ३. | योजना | जनसहभागिता र लागत साझेदारी सम्बन्धमा । | चालु आर्थिक वर्ष ०८१/०८२ मा उपभोक्ता समितिबाट सञ्चालन गरिने योजनाहरुको उपभोक्ताको लागत साझेदारी न्युनतम १० प्रतिशत कायम गर्ने, सो मध्ये कुल विनियोजित बजेटको न्युनतम ५ प्रतिशत नगरपालिकाको खातामा नगदै जम्मा गर्न लगाउने र बाँकी श्रम साझेदारी गर्न लगाउने तर वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय, सीमाना कल्भर्ट, धार्मिक क्षेत्र, जङ्गल क्षेत्र र अन्य सार्वजनिक स्थलमा हुने निर्माण कार्यमा श्रम साझेदारीमात्र हुने गरी कार्य अघि बढाउने एवं यस नगरपालिकाबाट साझेदारी गर्ने भनी तोकिएका योजनाहरुको शिर्षकमा उल्लेखित बजेट रकमको हकमा नगरपालिकाबाट विनियोजित बजेटलाई शत प्रतिशत मानी सोको न्यूनतम ३० प्रतिशत हुन आउने रकम समुदायको साझेदारी थप हुने गरी निर्माण कार्य अघि बढाउने । | |
| ४. | वन, वातावरण तथा विपद् व्यवस्थापन | कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८० को संशोधन सम्बन्धमा । | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट पेश भए बमोजिम कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८० को संशोधनको संलग्न [illegible]न महले विवरण बमोजिमको प्रस्ताव स्वीकृत गर्ने । | विवरण संलग्न । |
| ५. | वन, वातावरण तथा विपद् व्यवस्थापन | कालिका नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७५ को संशोधन सम्बन्धमा । | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट पेश भए बमोजिम कालिका नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७५ को संशोधनको संलग्न तीन महले विवरण बमोजिमको प्रस्ताव स्वीकृत गर्ने । | विवरण संलग्न । |
| ६. | वन, वातावरण तथा विपद् व्यवस्थापन | सार्वजनिक शौचालय सञ्चालन तथा मर्मत कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा । | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट प्रस्तुत कालिका नगरपालिकाको सार्वजनिक शौचालय सञ्चालन तथा मर्मत कार्यविधि, २०८१ स्वीकृत गर्ने । | |
| ७. | स्वास्थ्य उद्योग | स्वास्थ्य संस्था दर्ता तथा सञ्चालन अनुमति सम्बन्धमा । | कालिका नगरपालिकाको स्वास्थ्य संस्था (दर्ता, अनुमति तथा नवीकरण) सम्बन्धी निर्देशिका, २०७६ दफा २ को खण्ड 'क' सँग सम्बन्धित समितिले आवश्यक अनुगमन तथा निर्णय गरी सिफारिस भई आएका देहायका संस्थाहरुलाई दर्ता तथा सञ्चालन अनुमति प्रदान गर्ने ।<br>क्र.सं. / संस्थाको नाम / ठेगाना<br>१. मुनाल एण्ड मयुर इन्टेग्रेटिभ क्लिनिक एण्ड रिसर्च इन्स्टिच्युट / कालिका-१, चितवन<br>२. बि.एण्ड बि. फिजियोथेरापी सेन्टर / कालिका-६, चितवन | |

चुडामणि शर्मा गौतम
प्रमुख प्रशासकिय अधिकृत

<table>
<tr><th>प्रस्ताव नं</th><th>प्रस्ताव गर्ने शाखा</th><th>प्रस्ताव</th><th>निर्णय</th><th>कैफियत</th></tr>
<tr><td>८.</td><td>कृषि</td><td>एक वडा एक कृषि तथा पशु उत्पादन सम्बन्धमा ।</td><td>कालिका नगरपालिकाभित्रका वडाहरुमा कृषि तथा पशुजन्य उत्पादनको रुपमा प्रवर्द्धनात्मक योजनाहरु सञ्चालनका लागि वडागत रुपमा देहायका कृषि/पशुजन्य उत्पादनहरुलाई मुख्य प्राथमिकतामा राख्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं</th><th>मुख्य उत्पादन</th><th>क्र.सं.</th><th>वडा नं</th><th>मुख्य उत्पादन</th></tr>
<tr><td>१.</td><td>वडा नं १</td><td>तरकारी बाली</td><td>७.</td><td>वडा नं ७</td><td>खाद्यान्न (धान,मकै)</td></tr>
<tr><td>२.</td><td>वडा नं २</td><td>च्याउ/दुग्ध</td><td>८.</td><td>वडा नं ८</td><td>पशुपालन/तरकारी</td></tr>
<tr><td>३.</td><td>वडा नं ३</td><td>खाद्यान्न (धान,मकै)</td><td>९.</td><td>वडा नं ९</td><td>मह</td></tr>
<tr><td>४.</td><td>वडा नं ४</td><td>खाद्यान्न (धान,मकै)</td><td>१०.</td><td>वडा नं १०</td><td>बाख्रापालन</td></tr>
<tr><td>५.</td><td>वडा नं ५</td><td>केरा</td><td>११.</td><td>वडा नं ११</td><td>मसलाबाली</td></tr>
<tr><td>६.</td><td>वडा नं ६</td><td>दुग्ध/मह</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td>प्रशासन</td><td>विविध सम्बन्धमा ।</td><td>कालिका नगरपालिका, स्वास्थ्य शाखामा कार्यरत सि.अ.हे.व (पाँचौं स्तर) विजय पाण्डे (क.सं.नं २२२२[illegible]) को मिति २०८१/०५/१५ बाट लागू हुने गरी बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० बमोजिम २०८२/०३/२० सम्मका लागि (जम्मा १० महिना ५ दिन एकमुष्ट अन्तिम पटकको लागि) असाधारण बिदा ऐनको दफा ६३ बमोजिम स्वीकृत गर्ने ।</td><td></td></tr>
</table>



चूडामणि शर्मा अधिकारी
प्रमुख प्रशासकीय अधिकृत